*Pragyan Volume : 8, Issue : 1, 2081, ISSN : 2661-6068*

**DOI: https://doi.org/10.3126/pragyan.v8i1.67678**

# 'भिखारी' कवितामा मानवतावाद

**तुल्सीराम पोख्रेल**
**शिक्षण सहायक**
**त्रिभुवन बहुमुखी क्याम्पस, पाल्पा**
**tulsirampokhrel77@gmail.com**

**लेखसार**

*प्रस्तुत लेखमा लक्ष्मीप्रसाद देवकोटाद्वारा लिखित भिखारी कविताभित्र प्रयुक्त मानवतावादी दृष्टिको स्थिति पहिचान र खोजअन्वेषण गरिएको छ । कविद्वारा अभिव्यक्त मानवीय संवेदनाहरूलाई नौ श्लोकमा संरचित भिखारी कविताका पृष्ठभूमिमा केन्द्रित रही मानवतावादी सिद्धान्तका आधारमा केलाउनु नै यस अध्ययनको मूल उद्देश्य रहेको छ । कविताको अर्थापनका लागि पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्तका सन्दर्भहरूमा आधारित भएर पाठ विश्लेषण विधिका जगमा सूक्ष्म पठन गरी गुणात्मक प्रकृतिको अध्ययन गरिएको छ । कवितामा प्रस्तुत मानवतावादी चिन्तनसम्बन्धी समस्यालाई मूल प्राज्ञिक समस्या बनाएर त्यसको समाधान खोज्न कवितामा प्रयुक्त भनाइको गाम्भीर्यता र मानव मनको संवेदनालाई मानवतावादी काव्य सौन्दर्यका आधारमा विश्लेषण गर्नु नै अध्ययनको केन्द्रबिन्दु हो । आजको युगमा मानव जातिमा बढ्दै गएको स्वार्थ र लोभानिपापानिबाट मुक्त हुन नसकेको यथार्थता, समाजमा मानवभित्रको दानवीय प्रवृत्ति र गर्विलो स्वाभिमानबाट स्खलित हुँदै घृणित बन्नुपरेको अवस्थालाई मानवतावादी दृष्टिकोणका आधारमा केलाइएको छ । यसमा मानव-मानव बिचमा हुनुपर्ने समानता र मानवतावादी दृष्टिकोणलाई मानवजीवन, दर्शन र सभ्य समाज निर्माणमा मानवको भूमिका के कस्तो रेहेको छ भन्ने कुरालाई विश्लेषण गरिएको छ । पुस्तकालयीय सन्दर्भ सामग्रीको उपयोग गरिएको यस लेखमा विशेष गरेर मानवतावादी काव्य सौन्दर्य पहिचान गर्नुलाई मुल उद्देश्य बनाइएको छ । समसामयिक मानवीय जीवनका जटिलताहरूले मानवमनमा पार्ने आघातबाट उत्पन्न संवेदनागत विषयवस्तुलाई प्रतीकात्मक अभिव्यक्ति दिँदै 'भिखारी' कवितामा व्यञ्जित बिम्बात्मक भावका आधारमा मानवतावादी काव्य सौन्दर्यचेत मुखरित भएको निष्कर्ष निकालिएको छ ।*

**शब्दकुञ्जी** : आर्तनाद, करुणा, जीवनरथ, दुरावस्था, मानवता ।

## विषयपरिचय

प्रस्तुत लेखमा लक्ष्मीप्रसाद देवकोटा (१९६६-२०१६) द्वारा लेखिएको 'भिखारी' कवितामा मानवतावादको विश्लेषण गरिएको छ । उनको कवितायात्राको दोस्रो चरणमा प्रकाशित *भिखारी* कवितासङ्ग्रहमा सङ्कलित यस कवितामा मानवीय स्वतन्त्रता र भ्रातृत्वको बोधलाई मानवतावादी चेत र आर्थिक न्यायको विषयवस्तुलाई प्रस्तुत गरिएको छ । आफ्नो साहित्यप्रतिको अनुरागलाई १० वर्षको सानै उमेरमा देवकोटाले कविताकाव्य, कथा, नाटक, निबन्ध, उपन्यास, नियात्रा, समालोचना आदि विधामा सशक्त कलम चलाएका छन् । बाल्यावस्थादेखि नै कविता लेखन आरम्भ गरे पनि औपचारिक कवितायात्रा भने वि.सं. १९९१ सालको गोरखापत्रमा 'पूर्णिमाको जलधि' प्रकाशनपछि मात्र भएको देखिन्छ । यसै वर्ष 'गरिब' कविता प्रकाशन भएसँगै देवकोटाभित्र कारयित्री प्रतिभाको अजस्र प्रवाह रहेको देखिन्छ । आशुकवित्व र महाकविका रूपमा ख्याति कमाएका देवकोटाका बालकवितासङ्ग्रह *पुतली भाग १ र २* (२००९), *भिखारी* (२०१०), *मृत्युशैयाबाट* (२०१६), *छहरा* (२०१६ : बालकवितासङ्ग्रह), *लक्ष्मी कवितासङ्ग्रह* (२०३३), *लक्ष्मी गीतिसङ्ग्रह* (२०४०) आदि प्रकाशित भएको पाइन्छ । *मुनामदन* (१९९२), *राजकुमार प्रभाकर* (१९९७), *कुञ्जिनी* (२००२), *रावणजटायु युद्ध* (२०११), लगायतका खण्डकाव्य प्रकाशित भएको देखिन्छ भने छ वटा महाकाव्यहरू प्रकाशित भएको पाइन्छ । देवकोटाले नेपाली साहित्यमा कविताकाव्यका साथै निबन्ध, नाटक, उपन्यास तथा कथा विधामा पनि सशक्त कलम चलाएको पाइन्छ । छात्र जीवनमा देवकोटा अङ्ग्रेजीमूलक शिक्षाध्ययनका क्रममा पश्चिमी स्वच्छन्दतावादी कविता लेखनतर्फ आकर्षित भएको पाइन्छ । जसको परिणामस्वरूप नेपाली साहित्यको कविता वाङ्मयमा स्वच्छन्दतावादको प्रयोग गर्ने तथा भित्र्याउने श्रेय उनैलाई जान्छ । कविता लेखनको प्रारम्भिक अवस्थामा उनी परिष्कारवादी काव्यधाराका हस्तीद्वय लेखनाथ पौड्याल र बालकृष्ण समका कविताबाट प्रभावित तथा प्रेरित भएको पाइन्छ परन्तु त्यही प्रभाव र प्रेरणा ग्रहण गर्दै स्वच्छन्दतावादी चेतका कविता लेखनतर्फ अग्रसर भएको देखिन्छ । वि.सं.१९९२ सालमा झ्याउरे लयको मुनामदन खण्डकाव्य प्रकाशित गरेपछि देवकोटाले नेपाली कविताको क्षेत्रमा स्वच्छन्दतावादी काव्य धाराको श्रीगणेश गरेको पाइन्छ ।

भिखारी' देवकोटाको मानवतावादी चेतले ओतप्रोत भएको कविता मानिन्छ । बाँच्नका लागि पनि गास र कपासको भिख माग्नुपर्ने एउटा भिखारीको आर्तनादले कवितालाई कारुणिक बनाएको पाइन्छ । वाध्यतावश एक भाइले अर्को भाइसँग दयाको भिख माग्दा उपेक्षित हुनुपरेको परिदृश्यलाई स्वयम् कविले गुलाबको हाँसोका बिचमा उन्युको रोदन भनी सङ्केत गरेको पाइन्छ । यसरी नेपाली कविता वाङ्मयमा रोमान्टिक धाराको प्रवर्तन गर्ने देवकोटा प्रस्तुत 'भिखारी' कवितामा मानवतावादको ज्वलन्त नमुना प्रस्तुत गरी मानिसले मन्दिरका चिसा ढुङ्गा ढोगेर वास्तवमा सच्चा ईश्वर नभेटिने तर भिखारीको अन्तर्मनमा ईश्वरको प्रतिरूप भेटिने भाव व्यक्त गरेको पाइन्छ । नेपाली समाजमा निम्नवर्गलाई उच्च वर्गले हेपाहा दृष्टिले हेर्ने सामाजिक यथार्थलाई प्रस्तुत कवितामा मानवताको परीक्षण गर्न भिखारीलाई ईश्वरको प्रतिरूप बनाई पठाइएको कुरासमेत व्यक्त भएको पाइन्छ । प्रस्तुत 'भिखारी' कविता देवकोटाका कविताहरूमध्येको एक लोकप्रिय र मार्मिक विषयवस्तु उठान गरिएको कविता हो । यसमा दीनदुखीहरूको जीवनरथ देखाइएको छ । समाजमा शोषितहरूद्वारा शोषकहरूप्रति आवाज बुलन्द गर्न नसक्ने अवस्थाको वर्णन देखिन्छ । प्रकृति, मानव र ईश्वरको यथाशक्तिलाई विषय बनाउन चाहने देवकोटाले प्रस्तुत कवितामा ईश्वरीय शक्तिको

कल्पना गरी उच्च वर्गले निम्नवर्गलाई  सहानुभूति गर्नुपर्ने भावाभिव्यक्ति प्रकट गरेको पाइन्छ । नेपाली समाजमा विद्यमान वर्गीय विभेद, दमन, शोषणका परिदृश्यहरूलाई मानवतावादका सापेक्षतामा विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

## अध्ययन विधि

प्रस्तुत अनुसन्धानात्मक लेख तयार गर्नका लागि आवश्यक पर्ने सामग्रीलाई निम्नलिखित विधिको प्रयोग गरी सङ्कलन र विश्लेषण गरिएको छ :

यस अध्ययनका लागि पुस्तकालयीय अध्ययन विधिको प्रयोग गरी प्राथमिक र द्वितीयक स्रोतका रूपमा सामग्रीहरूको सङ्कलन गरिएको छ । लक्ष्मीप्रसाद देवकोटाद्वारा रचित 'भिखारी' कवितालाई प्राथमिक स्रोत सामग्रीका रूपमा र मानवतावाद तथा त्यससँग सम्बन्धित अध्ययन, विश्लेषण एवम् सम्बन्धित अनुसन्धानात्मक आलेखलाई द्वितीयक स्रोतका रूपमा उपयोग गरिएको छ । सङ्कलित सामग्रीहरूको अध्ययनका लागि मानवतावादी अवधारणालाई सैद्धान्तिक आधारका रूपमा अवलम्बन गरिएको छ । कवितापठनको केन्द्रीयतामा निगमनात्मक विधिबाट सामग्रीको अध्ययन विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

## मानवतावाद सम्बन्धी सैद्धान्तिक पर्याधार

मानवतावादी चिन्तनमा जीवन र मानवमूल्यका नीति तथा आचरण विकासका निम्ति मनमा उपयुक्त वातावरणको सिर्जना गरिदिन्छ भन्ने हुन्छ । 'मानव' शब्दमा अपत्य वाचक 'अण्' प्रत्ययको योगबाट बनेको छ । यस शब्दको व्युत्पत्तिपरक अर्थ मनुका वंशमा उत्पन्न भएका प्राणी भन्ने बुझिन्छ । मानव शब्दमा 'ता' प्रत्यय जोडिएपछि मानवता शब्दको निर्माण हुन्छ र यस शब्दले मानिसका सकारात्मक व्यवहार एवम् गुणहरूलाई प्रतिबिम्बित गर्दै यावत् मानवीय कर्तव्यहरूलाई समेत समेट्छ । भाववाचक 'मानवता' शब्दमा 'वाद' को योग भएपछि 'मानवतावाद' बन्दछ । अङ्ग्रेजी 'ह्युमेन' शब्दमा 'इज्म' वा इटेरियन+इज्म प्रत्यय जोडिएर अङ्ग्रेजीमा क्रमशः 'ह्युमानिजम' वा 'ह्युमानिटेरियनिज्म' शब्द बन्दछन् । यी दुवै अङ्ग्रेजी शब्दको अर्थ वा अभिप्राय मानवीय मूल्यमा आधारित मानवकल्याणको प्रबर्धन गर्ने दर्शन रहेको पाइन्छ ( न्यौपाने, २०६७, पृ.३) । मान्छेमा हुने विशेषता, मानवीय गुण (दया, प्रेम, सहिष्णुता, सहयोग, सद्भावना आदि) लाई मानवता भनिन्छ । मानवमा निहित सद्गुणले समाजलाई प्रतिष्ठित बनाउन जोड दिने विचार, समाजमा दया, प्रेम, सहिष्णुता, सद्भावना, सहयोग, भ्रातृत्व आदिलाई बढाउने सिद्धान्तलाई मानवतावाद भनिन्छ साथै मानवतावादमा विश्वास गर्ने, मानवतावादको अनुयायी, मानवतावादलाई महत्त्व दिने भावनालाई मानवतावादी भावना भनिन्छ (अधिकारी र भट्टराई, २०६३, पृ.७९८) । मानवतावादको मूल उद्देश्य मानवले आदर्श मानवको दृष्टि फैलाउन सक्नुपर्दछ भन्ने चिन्तनहरूका पृष्ठभूमिमा यो समालोचना पद्धति विकसित भएको पाइन्छ ।

मानवता भनेको यथासम्भव अरूको हेरचाह र मद्दत गर्ने संस्कार हो । पृथ्वीमा रहेका मानवीय वा मानवेतर प्राणी जगत्मा निःशर्त दया, प्रेम र सहिष्णुताको सञ्चार नै मानवता हो । मानवता मानिस मानिसमा हुने ईश्वरत्वको अनुपम नमुना हो । यसमा भलाइ, सहयोग, आदर, सहअस्तित्वको भावना, मृदुभाषी व्यवहार, उदार स्वभाव, मेलमिलाप, सद्भावना, प्रेम, नम्रता, एकता, सहनशीलता र धैर्यताजस्ता

सकारात्मक प्रवृत्तिहरू पर्दछन् । समाजमा अमानवीय र असंवेदनशील क्रियाकलापहरू बढिरहेका बखत मानवताको अवधारणालाई अझ सशक्त पार्नुपर्ने देखिन्छ । मानवतावादी दर्शनमा धर्म, सम्प्रदाय, कालो, गोरो, धनी, गरिब, निर्धन, शक्ति, दुर्बल, राष्ट्र, अन्तर्राष्ट्र आदिका आधारमा विभेद गर्न पाइन्न । विश्वबन्धुत्व तथा अन्तर्राष्ट्रिय भाइचाराजस्ता उदार मानवीय भावका अगाडि यस प्रकृतिका सङ्कीर्ण भेद तथा बन्धनहरू त्यसै चुँडिन्छन् भन्ने तर्क मानवतावादीहरूको छ । मानिस चाहे पूर्वको होस्, चाहे पश्चिमको होस्, उनीहरूका इच्छा-आकाङ्क्षा एकै प्रकारका छन् । यसैगरी भौतिक एवम् आध्यात्मिक आवश्यकता पनि परस्परमा समान छन् । अतः ससाना भू-राष्ट्रिय सीमामा खुम्चिएर मानवता रहन सक्ने स्थिति छैन । निःसन्देह मानवतावादको उदात्त आदर्शमा सबै मुलुकहरूमा मानवीय सकारात्मक स्वार्थहरूको समन्वय हुनसक्ने अवधारणा रहेको पाइन्छ (न्यौपाने, २०६७, पृ.२१) । मानवीय उच्चता भनेको समानता, भ्रातृत्व अनि प्राणजन्य जाति प्रजातिप्रतिको प्रेम हो । पूर्वीय परम्परा खासगरी हिन्दूधर्म एवम् दर्शनको प्रतिनिधित्व गरेको छ । वैदिक महर्षि मानवधर्ममा विश्वास गर्दै यजन-याजन, पठन-पाठन, आदान-प्रदानजस्ता षट्कर्ममा संलग्न भएका देखिन्छन् । उनीहरूका कर्ममा मानवोचित गुण, व्यवहार, धर्म, निष्ठा आदि विषयले प्राधान्य पाएका छन् । मानिसले आफ्नो कर्तव्य पूर्ण गर्दै पूर्णायु बाँच्ने कोसिस गरोस्, कर्तव्यलाई बीचमा त्यागेर नहिँडोस् यसैमा उसको कल्याण छ भन्ने चिन्तनमा गहिरिँदा वैदिक मन्त्रहरूले मानवताको उच्चतम् मूल्यलाई आत्मसात् गर्न मानिसलाई प्रेरणा दिइरहेको देखिन्छ (न्यौपाने, २०६७, पृ.२८-२९) । यसरी मानवतावादले मानवीय दायित्व र कर्तव्यपरायणतालाई शिरोपर गरी समग्र मान्छेमा मावतावादी चेत र राष्ट्रवादी सोच विकास गर्न आग्रह गरेको पाइन्छ । मानवतावाद विचार वा दर्शनका रूपमा विकसित भयो । यो दर्शन मानव र जीवकल्याणमा केन्द्रित देखिन्छ । दैवी शक्ति र भाग्यवादलाई महत्त्व दिने पूर्ववर्ती धारणाभन्दा भिन्न यस मान्यताले मान्छेलाई मान्छेकै परिचयमा उभ्याउने कार्य गरेको पाइन्छ (गौतम, २०५०, पृ.२) यहाँ मानिसका सुकर्मले जीवनमा सफल भइने र कुकर्मका जगमा कसैको भाग्योदय नहुने हुनाले सबैलाई आदर्श मानवको चरित्र निर्माण गर्न आग्रह गरिएको पाइन्छ । पूर्वीय वाङ्मयमा मात्र नभएर पाश्चात्य वाङ्मयमा पनि प्राचीन ग्रिसेली चिन्तन परम्परादेखि नै कुनै न कुनै रूपमा मानवतावादी चिन्तन हुँदै आएको पाइन्छ तापनि सचेततापूर्वक मानवतावादको चिन्तन र विकास भने पश्चिममा विशेषतः पुनर्जागरण कालबाट भएको देखिन्छ । युरोपमा पुनर्जागरणपछि निरीश्वर रूपमा मानवहितकारी मूल्यमान्यताको स्थापना गर्ने क्रममा मानवतावादको उदय भएको देखिन्छ । यसले मूलतः मानवीय स्वतन्त्रता, समानता र भ्रातृत्वमा विश्वास राख्ने मूल्यमान्यतालाई अवलम्बन गर्दै विकसित भएको देखिन्छ (पराजुली, २०५६, पृ. १७५) । यसरी मानव हितकारी कर्मलाई शिरोपर गरी समानता र सद्भावनालाई उच्च प्राथमिकता दिँदै अगाडि बढेको मानवतावादी दर्शन कला, भाषा, साहित्य, संस्कार, समाजशास्त्र, चिकित्सा विज्ञान आदि विविध विषयमा उत्तिकै प्रभाव र अपनत्व ग्रहण गरिसकेको पाइन्छ । स्रष्टाहरूले आफ्ना सिर्जनाका माध्यमबाट मान्छेले मान्छे भएर बाँच्न पाउनुपर्ने आवाज उठाउन थालेपछि मानवतावादी साहित्य सिर्जनाको आरम्भ भयो भने समीक्षक समालोचकहरूले कृतिमा अन्तर्निहित भावलाई मानवतावादको अवधारणामा केन्द्रित रहेर विश्लेषण गर्न थालेपछि मानवतावादी समालोचना लेखनको आरम्भ र विकास भएको पाइन्छ (न्यौपाने, २०७९, पृ.८६) । यसरी साहित्यमा उठाइएका नेपाली समाजका विषयवस्तुले मानिसका अभाव, बेचैनी र दुरावस्थालाई सहानुभूति प्रकट गर्दै समानताको पक्षमा र मानवहितकारी मूल्य स्थापनामा जोड दिने समालोचना सिद्धान्त नै मानवतावादी अवधारणा हो भन्न सकिन्छ ।

विशेष गरी साहित्यिक कृतिभित्र मूल्य निरूपण गर्ने साहित्यशास्त्रीय मान्यताका कसीमा मानवतावादले सकारात्मक भूमिका खेलेको पाइन्छ । माथि उल्लेख गरिएका पारिभाषाका केन्द्रमा महाकवि देवकोटाकृत 'भिखारी' कवितालाई मानवतावादी समालोचनाका दृष्टिकोणबाट विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

## 'भिखारी' कवितामा अभिव्यक्त मानवतावादको अध्ययन

नेपाली साहित्यका युगपुरुष महाकवि लक्ष्मीप्रसाद देवकोटाले १० वर्षको उमेरबाट कविता लेखेको पाइन्छ । "घनघोर दुःख सागर जान भाइ, घमण्ड नगरे कहिले मर्नु छ हामीलाई" यही कविता पङ्क्तिलाई देवकोटाको पहिलो कविता भनेर मानिँदै आएको छ । द्रुतवेगी तथा बिजुली वेगी कविता लेखनका कारण दुई वर्षमा पाँचवटा महाकाव्यले पूर्णता पाएको देखिन्छ साथै दर्जनौँ खण्डकाव्य र सयौँ फुटकर कविताहरू रचना गरी नेपाली साहित्यको भण्डार भरेका छन् । पाश्चात्य स्वच्छन्दतावाद र पूर्वीय अध्यात्मवादको मिश्रणका रूपमा मानवतावादको उदय भएको पाइन्छ भने यिनै वैचारिक आधारमा देवकोटाका काव्यकृतिमा मानवतावादको काव्यिक झलक परिपाक अवस्थामा पुगेको पाइन्छ । उनका कवितामा व्यङ्ग्य प्रबल रूपमा आउँछ, सँगसँगै मानवतावादी चिन्तन पनि कवितामा सम्प्रेष्य भएको पाइन्छ । देवकोटाले पूर्व र पश्चिमको ज्ञानको भण्डारको सिलसिलाबद्ध अध्ययन गर्ने र पाण्डित्य हासिल गर्ने सौभाग्य प्राप्त नगरे पनि आफ्नो प्रतिभा तेज र विशाल एवं समृद्ध मानस लोक भएको कुराको प्रभाव राम्ररी प्रस्तुत गरेका छन् (प्रसाईं, २०४८, पृ.१४०) । देवकोटाको लेखन परिमाणात्मक र गुणात्मक दृष्टिले पनि अत्यन्त समृद्ध रहेको पाइन्छ । उनी एक प्रबल अवधारणा शक्ति र कवित्व प्रखर कविका रूपमा परिचय बनाएका मानवतावादी र प्रकृतिप्रेमी कवि हुन् साथै पूर्वपश्चिमको साहित्यशास्त्रीय मान्यतासँग परिचित भएका देवकोटाको क्षमता अद्वितीय रहेको कुरा स्पष्ट हुन्छ ।

देवकोटाद्वारा रचित 'भिखारी' कवितामा स्वच्छन्दतावादी तथा मानवतावादी भावना प्रस्तुत गर्दै सामाजिक विषमताप्रति असन्तोष प्रकट गरिएको पाइन्छ । मात्रिक छन्दको प्रयोग गरिएको यस कवितामा नौ श्लोक रहेका छन् तथापि समान पङ्क्ति भने रहेको पाइँदैन । मानवतावादी विचार दर्शनमा समाजमा रहेको जात-जाति, धनी-गरिब, भेष-भूषा, संस्कार-संस्कृति, कालो-गोरो, सम्पन्न-विपन्न, राष्ट्रिय-अन्तर्राष्ट्रिय आदि कुरामा विभेदको झल्को पाइँदैन । मानव मनमा लागेका चोटहरू चाहे ती देखिने हुन् या नदेखिने होऊन् । त्यो भावको अनुभूति भिन्न नभएर अन्तरहृदयबाट निष्पन्न हुने भाव नै हो । एउटा व्यक्तिमा देखिने अभाव, एउटा समाजमा रहेको दुरावस्था, देशमा रहेको बेथिति आदिका कारणले मानव समाजले भोग्नुपरेका दुःख कष्टले मनुष्यको मनलाई आघात पुऱ्याउँछ र त्यसै बखत मानिसले घोत्लिएर सोच्छ र निष्कर्ष निकाल्छ । मानवीय मूल्य कायम गर्न र मानव कल्याणमा लाग्न सबैजना एकपटक एकाकार भई समृद्धिको बाटो पक्रनुपर्छ भन्ने भाव व्यक्त हुँदा मानवता जन्मन्छ । त्यसरी नै प्रस्तुत कवितामा एउटा बालक जन्मदा धनी परिवारमा जन्मियो भने ऊ जन्मजात सम्पन्न परिवारको मालिक कहलिन्छ तर बिडम्बना भनौँ सोही समय र सोही स्थानमा गरिब परिवारमा जन्मेको बालक निर्दोष छ तथापि ऊ अकिञ्चन ठहरिन्छ, अभागी हुन्छ र उसको बाँच्ने जिजीविषा प्रवल भएपछि स्वभाविक रूपमा ऊ मागेर जीवन चलाउन उद्दत हुन्छ । मानिसले उसलाई हेयको दृष्टि लगाएर उपेक्षा गर्दा भिखारी कहलिन्छ । यो हाम्रो नेपाली समाजको कटु सत्य हो । यही

कारुणिक अवस्थालाई देवकोटाले कविताको केन्द्रीय कथ्य बनाई कविताका माध्यमबाट प्रस्तुत गरेको पाइन्छ । देवकाटाको मानवतावादी चिन्तनमा सामाजिक कुरीति र दुरावस्थाका कारणले पीडित बनेको वर्गको विषयवस्तु पाइन्छ भने भिखारी कवितामा विपन्न वा मगन्तेहरूको कारुणिक जीवनरथलाई केन्द्रीय कथ्य बनाइएको पाइन्छ ।

महाकवि देवकोटाको 'भिखारी' कविताका विभिन्न अंशहरूमा मानवतावादी चिन्तन प्रयोग भएको पाइन्छ :

जीवन पथमा बिचरा पथरा
काँपिरहेको थुरथुर
झल्लरझोली बढाउँछ बबुरा !
करले अस्थिर कातर ! (पृ.१)

प्रस्तुत कवितांशमा एउटा भिखारीले सम्पन्न परिवारमा एक छाक खान र एकसरो लगाउन गरेको आर्तनादलाई देखाइएको छ । शिशिर ऋतुको कठ्याङ्ग्रिदो जाडाको थुरथुर र गृष्म ऋतुको प्रचण्ड गर्मीमा एक हातमा भाँडो र अर्को हातले सरोधरो कपडा समाउँदै एकाबिहानै एउटा भिखारीको प्रवेश भएको कारुणिक परिदृश्य देखिन्छ । अनुहारभरि हजारौँ मुजा फैलिएका छन् । शरीर रुग्ण छ भने आहार पौष्टिक छैन । जाडो मौसममा खाली खुट्टाको भरमा काप्दै काप्दै एक गासको आशामा घरघर चहार्नु भिखारीको दैनिकी बनेको कारुणिक दृश्यले करुणा सिर्जना गर्छ र मानवताको भाव सञ्चार गरेको पाइन्छ । साच्चिकै यस कवितामा एउटा भिखारीको करुणा, असहाय, दुःख र पीडाको आर्तनादको संवेदनशीलता पाइन्छ जहाँ सम्पन्न परिवारका मानवले सक्दो सहयोग गरून् भन्ने भाव मुखरित भएको पाइन्छ ।

मानवीय जीवन सङ्घर्षशील छ साथै कष्टप्रद रहेको छ । मानवभित्र देखा परेको दानवीय चरित्रलाई नहटाएसम्म मान्छे मान्छे स्वीकारिन्न । निकृष्ट सोच व्याप्त हुँदा मानवीय अस्तित्व समेत सङ्कटमा पर्ने बेला आएको छ भन्ने भाव व्यक्त गर्दै मानवतावादी भाव प्रवाहित गर्नु आवश्यक हुन्छ (पोखेल, २०७७, पृ. ८५) यसमा मानिसले मानिसलाई मानवताको भाव राखेर दया, माया र सद्भाव देखाउन सकिएको खण्डमा आदर्श मानवताले सार्थकता पाउने विश्वास राखिएको पाइन्छ :

कुन आशाले नजर खुलायो
सूर्य चन्द्रको नजर समीप ?
किन मुरझायो ? किन वैलायो ?
किन मधुरो यो जीवन दीप ? (पृ.३)

प्रस्तुत कवितांशमा भिखारीलाई ईश्वरको रूपमा वर्णन गरेको पाइन्छ । जीवनका उकाली ओरालीहरूमा आशाका किरणहरू छर्दै सूर्य र चन्द्र जसलाई धार्मिक आस्थाका केन्द्र मानिन्छन्, तिनैलाई साक्षी राखेर भिखारी हरेक दिन जीवनको मधुरो प्रकाशमा घरघरमा भिक्षा याचक भएको देखाइएको पाइन्छ । उसको वय र तन मुर्झाएको छ, आशा वैलिएका छन्, उसका दुरावस्थाहरू मार्मिक छन् तापनि सास रहुञ्जेल आश भनेझैँ ऊ आफ्नो नित्यकर्ममा जुटिरहेको कुरा कवितांशमा अभिव्यक्त भएको पाइन्छ ।

एउटै आमाको कोखबाट जन्मिएर पनि एउटा सम्पन्नशाली जीवन व्यतित गर्दछ भने अर्कोको दिनचर्या कारुणिकताले भरिएको हुन्छ । अर्कोतिर यस धर्तीमा जन्मिएका सबै मानिसहरूमा दाजुभाइ र दिदीबहिनीको सम्बन्ध हुन्छ र हुनुपर्छ । बन्धुत्व र भ्रातृत्व भावना विकास गरी सभ्य र सुसंस्कृत समाज निर्माणमा जुट्नुपर्छ । मानिससँग मानिसको रुवाइ आफैँमा भावनात्मक नै छ भन्ने तथ्य अघि सारिएको पाइन्छ :

मानिससँगमा मानिसको यो
अन्तर्दिलको रोदन
भाइहरूसँग भिक्षाको यो
मुठी दयाको याचन !! (पृ.२)

यसरी एक भाइको अर्को भाइसँगको एक मुठी दयाको याचन गर्नुपर्ने अवस्था भनेको देशमा रहेका आर्थिक विषमताको परिणति हो भन्ने निष्कर्ष निकाल्न सकिन्छ । शक्तिहीन शरीरलाई घिसार्दै आफन्तको घरघरमा भिक्षा माग्दै हिँड्दा जोकोही मानिसमा मानवताको सञ्चार भएको पाइन्छ । दीनहीनप्रति सहानुभूति राख्न कवितामा आह्वान गरिएको पाइन्छ । भिखारीको दीनहीन अवस्थाप्रति स्वयम् कवि देवकोटा व्यथित भई सबैलाई उनीहरूप्रति दया, करुणा, राखी उपकार गर्न कवितामार्फत् अपिल गरिएको छ । समाज र सामाजिक दुरावस्थाका कारणले पनि भिखारीको जीवन थप पीडादायी र मर्मस्पर्शी भएको देखाइएको छ ।

'भिखारी' कवितामा आएको भिखारी ईश्वरको प्रतिरूपमा उभिएको देखिन्छ । ऊ मानवको अस्तित्व र उन्नति खोज्छ । मानवतावादी दृष्टिकोण मुखरित छ । कविले प्रगतिवादी मानवतावादी चेतना व्यक्त गरेका छन् । नेपाली समाज र राजनीतिक परिप्रेक्ष्यमा सत्ताधारी वर्गप्रति आक्रोश व्यक्त गरेका छन् । दुःखित पीडित र शोषित नेपालीप्रति सहानुभूतिको स्वर व्यक्त गरेका छन् । आंशिक रूपमा ईश्वरवादी चिन्तन व्यक्त भएको छ (अधिकारी, २०६२, पृ.२४) । भिखारीलाई केन्द्रित गरी त्यसमा उनले ईश्वरीय रूप प्राप्त गरेका छन् । भिखारी दुखैदुखको सागरमा भासिएको र एक करुणै करुणाले भरिएको ईश्वरको प्रतिमूर्तिका रूपमा देखिएको छ :

कालो बादलबाट खसेको
अन्धकारमा भित्र बसेको
ईश्वर हो कि भिखारी ?
घर,घर, आँगन चारी
बोल्दछ आर्तध्वनिमा बोल्दछ
करुणामृत दिल भारी (पृ.३)

प्रस्तुत कवितांशमा नेपाली समाजमा निम्नवर्गलाई उच्च वर्गले हेपाहा दृष्टिले हेर्ने सामाजिक यथार्थ, राष्ट्र तथा विश्व परिवेशमा मानवताको परीक्षण गर्न भिखारीलाई ईश्वरको प्रतिरूप बनाई पठाइएको कुरासमेत व्यक्त भएको पाइन्छ । भिखारी ईश्वर हो र उसको आर्तनादहरूमा ईश्वरका करुणाजन्य ध्वनिहरू

ध्वनित भएको पाइन्छ । उसले यस संसारमा जन्मदा प्राप्त गर्ने नैसर्गिक अधिकारहरू गरिब भएका कारणले गुमाएको छ तथापि उसको कारुणिक चित्कारमा परमात्माको आवाज गुञ्जिएका कारणले ऊ भिखारी नभई मानिसमा मानवताको परीक्षा लिन आएको देवदूत हो भन्ने निष्कर्ष निकालिएको छ ।

प्रस्तुत कवितामा विभिन्न ऐतिहासिक र पौराणिक बिम्बप्रतीकको प्रयोग गरिएको पाइन्छ :

बुद्धदेवको नजर अगाडि
यही भिखारी आएथ्यो,
मूर्ति यसैमा, शब्द यिनैमा
मुटुमा शूल कराएथ्यो । (पृ.३)

सिद्धार्थ गौतमलाई पनि बुद्धका रूपमा परिणत गर्ने कार्य भिखारीले नै गरेको कुरा प्रस्तुत कवितांशमा स्पष्टोक्ति रहेको पाइन्छ । जुन ईश्वर बुद्धका सामुन्ने यस्तै भिखारी स्वरूपमा आएका थिए । त्यही भिखारीको प्रेरणाबाट प्रेरित भएका सिद्धार्थ आज सबैले पुज्ने ईश्वरका अवतार भएका छन् । हामी मनुष्य जातिले भिखारीको जीवनगाथाका झलकहरू जस्तै अभाव, पीडा, आर्तनाद, आघात आदिबाट जीवनमा उन्नति प्रगतिका लागि सही मार्ग पत्ता लगाउन सक्छौँ भन्ने भाव सञ्चार भएको छ । देवकोटाले पनि भिखारीलाई जुन रूपमा हेर्दै थिए त्यही समयले उनमा पनि आध्यात्मिक भाव प्रष्फुटित हुँदा भिखारी कविता रचना गरेको देखिन्छ ।

महाकविले कविताको अन्तिम श्लोकतिर भिखारीलाई ईश्वरका रूपमा स्पष्टसित वर्णन गरेको पाइन्छ :

दु:खको दिलमा ईश्वर बोल्दछ
अधर अनन्त उघारी ।
माग्दछ करुणा भाइहरूमा
आई पृथिवीवारि,
माग्दछ भिक्षा ईश्वर मेरो
आँगनमा एक भिखारी ? (पृ.४)

यसरी आस्तिकहरूले ईश्वरलाई मानेर पूजाअर्चना गर्न भेटी, नैवेद्य र अन्य परिकार चढाएझैँ मानिसले मानिसलाई मानवीय आचरणका साथ प्रत्यक्ष रूपमा सहयोग र उपकार गर्न सके ईश्वर र परमेश्वर खोज्न भौतारिरहनु पर्दैन भन्ने भाव व्यक्त भएको पाइन्छ । मानिसका आँखा तेजस्वी भएमा मनमा ईश्वर छन् । मानवीय गुणमा ईश्वर छन्, ईश्वर मठमन्दिरमा छैनन् त्यसैले अन्तर्हृदयमा भेटिने ईश्वर खोज्न फगत समय खेर नफाल्नसमेत देवकोटाले आग्रह गरेको देखिन्छ । यी र यस्तै तमाम आदर्श मानवताका सन्दर्भले प्रस्तुत भिखारी कवितामा मानवतावादको ज्वलन्त नमुना फेला पार्न सकिन्छ, साथै कवितामा मानवतावादी चिन्तन परिपाक अवस्थामा पुगेको छ ।

## निष्कर्ष

लक्ष्मीप्रसाद देवकोटाका कविताहरूमध्येको *भिखारी* कवितासङ्ग्रहमा समाविष्ट 'भिखारी' मानवतावादी दृष्टिले सबल कविता हो । यस कवितामा देवकोटाले नेपाली समाजको विद्यमान गरिबीका साथै आर्थिक अभावका कारण मागेर जीवन गुजार्दाका आर्तनाद र छटपटिलाई मूल विषयवस्तु बनाइएको छ । कवितामा निम्नवर्गका समुदायप्रति सहानुभूति प्रकट गर्न एवम् मानिसमा मानवताको परीक्षण गर्न ईश्वरको प्रतिरूप लिएर मानववस्तीमा एक मुठी अन्नको याचन गरेको भिखारीलाई भिक्षुकका रूपमा चिनाइएको प्रसङ्गले कारुणिकताको भाव सञ्चार गर्दछ र राष्ट्रबोध गराउँदछ । सुरूका दिनहरूमा संसारलाई घनघोर दु:खसागर मान्ने देवकोटाले मानवसेवालाई धर्म र कर्मलाई ईश्वरको पूजा ठान्दै यस कवितामा मानवतावाद र कर्मवादको उद्घोष गरेको पाइन्छ । एउटा विषयवस्तुलाई बहुआयामिक रूपमा प्रस्तुत गर्दा कतै प्रकृति, कतै ईश्वर, कतै मानवतावाद, कतै कर्मवाद, कतै विपन्न मगन्तेहरूका जीवनरथ, कतै सामाजिक कुरीति, कतै शान्तिप्रेम, कतै आध्यात्मिकता, कतै राष्ट्रियता आदि विविध चिन्तन अभिव्यञ्जित भएको पाइन्छ । कविताका माध्यमबाट निम्नवर्गीय पात्रहरूको जनजीविका र जीवनस्तर माथि उठाउन उच्च वर्गलाई मानवताको सञ्चार गरी दायित्वबोध गराइएको छ । शारीरिक दुर्बलता, आकाशलाई छाना र कृपापात्रका रूपमा प्राप्त अन्नलाई खानाका रूपमा ग्रहण गर्दै थुरथुर कापेको व्यक्तिलाई मानवताका दृष्टिले हेर्न आग्रह गरिएको छ । खाना, नाना र छानाको सुप्रबन्ध मिलाउने राज्यको दायित्व भएकाले जनताका हक र अधिकारका निम्ति आवाज उठाउनु मानवतावादको मुख्य पक्ष हो त्यसकारण आत्मा र शरीरको समिश्रणबाट उत्पन्न भावको प्रवाहमयता नै जीवन हो भन्दै जीवनमा उज्यालोको अनुभूत गर्न चाहनेले आफूमा आध्यात्मिक मानवतावादको विकास गर्न आग्रह गरिएको छ । विश्लेषण गरिएको 'भिखारी' कवितामा मानवता, अहिंसा, सत्य, न्याय, नैतिकताजस्ता भाव र भावनालाई अँगाली नि:स्वार्थ मानव कल्याणमा प्रवृत्त हुँदै मानव र मानवेतर प्राणी जगत्को उपकारमा प्रतिवद्ध हुन कविताले प्रेरित गरेको छ । यसरी सरल र सुबोध भाषा शैलीको प्रवाहमयतामा रचित 'भिखारी' कवितामा मानवतावादी दृष्टिकोण प्रस्तुत भएको छ ।

## सन्दर्भसूची


अधिकारी, पूर्णप्रसाद (२०६२). *महाकवि देवकोटाका केही आयाम.* शब्दार्थ प्रकाशन ।

अधिकारी, हेमाङ्गराज र भट्टराई, बद्रीविशाल (२०६३). *प्रयोगात्मक नेपाली शब्दकोश* दोस्रो संस्क.. विद्यार्थी पुस्तक भण्डार ।

गौतम, कृष्ण (२०५०). *आधुनिक समालोचना : अनेक रूप अनेक पठन.* साझा प्रकाशन ।

देवकोटा, लक्ष्मीप्रसाद (२०६०). *भिखारी* अठारौँ संस्क.. साझा प्रकाशन ।

न्यौपाने, कमलादेवी (२०७९). 'अग्निप्रवेश कवितामा मानवतावाद'. *प्रज्ञान.* ७ (१). पृ.८३-९२ । https://doi.org/10.3126/pragyan.v7i1.55158

न्यौपाने, नेत्रप्रसाद (२०६७). *देवकोटाका काव्यकृतिमा मानवतावाद.* आशिष बुक्स हाउस प्रा.लि. ।

पराजुली, ठाकुर (२०५६). *नेपाली साहित्यको परिक्रमा* दोस्रो संस्क.. साझा प्रकाशन ।

पोखेल, तुल्सीराम (२०७७). 'समय स्पर्श कवितासङ्ग्रहमा अभिव्यक्त प्रवृत्तिगत चेतना'. *प्रज्ञान* (काव्यसमालोचना विशेषाङ्क). पृ.७४-७७ ।

प्रसाईं, गणेशबहादुर (२०४८). *नेपाली साहित्यमा स्वच्छन्दतावादी काव्यधारा.* नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।